# शनिअर्जुन नगरपालिका कार्यालय
# SHANIARJUN MUNICIPALITY OFFICE
शनिश्चरे, झापा, (नेपाल)
Shanischare, Jhapa, (Nepal)


प.स : ०७३/०७४
Dispatch No
च.न : १३४९
Reg No.

मिति :- २०७३/०५/१३
Date:

**विषयः- टोल विकास संस्था गठन सम्वन्धमा ।**

संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयको च.नं. ५-२-३५ मिति २०७३/०५/०७ को पत्रानुसार यस नगरपालिकामा टोल विकास संस्था गठन गर्नुहुन सम्बन्धिथत सबैमा जानकारीका लागि यो सुचना जारी गरिएको छ।
टोल विकास संस्था सञ्चालन कार्यविधि,२०७३ बमोजिम गठन प्रक्रिया निम्न बमोजिम रहनेछ :

- निश्चित भौगोलिक क्षेत्रका टोल तहमा रहेका घरपरीवारका सदस्यहरुबाट संस्थाको गठन
- हाल लाई टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिका पदाधिकारीको समिति रहनेछ।
- यसको अवधि दुई वर्षको रहनेछ।
- कार्य समितिको अध्यक्ष,सचिव वा कोषाध्यक्ष मध्ये कोही एक अनिवार्य महिला हुनुपर्ने
- यथासम्भव सबै घरधुरीबाट एक घर एक सदस्यका रुपमा सहभागी गराउने,कम्तिमा ८० प्रतिशत घरधुरी सहभागी हुनुपर्ने,सहभागीमध्ये कम्तिमा ५० प्रतिशत महिला हुनुपर्ने
- सुचिकृत गर्ने निकाय शनिअर्जुन न.पा. क्षेत्र भित्रको हकमा न.पा.नै हुनेछ।
- सम्बन्धित टोल विकास संस्थाको विधान अनुसार नगरपालिकामा निवेदन दिईएमा टोल विकास संस्था सञ्चालन कार्यविधि २०७३ अनुसार नगरपालिकाले आवश्यक प्रक्रिया अघि बढाउने,

टोल विकास संस्था सञ्चालन कार्यविधि,२०७३ बमोजिम टोल विकास संस्थाको काम देहाय बमोजिम रहनेछः

- टोलमा धनी गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने
- विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने
- टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने
- टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम सदुपयोग गर्ने, आदि

अन्य व्यवस्था टोल विकास संस्था सञ्चालन कार्यविधि , २०७३ मा उल्लेख भएबमोजिम हुनेछ।

५/१३
रुद्रप्रसाद न्यौपाने
कार्यकारी अधिकृत